# मेचे महिला उत्थान संघ

## भूमिका :

मेचे जाति नेपाल सरकारद्वारा मान्यता प्राप्त ५९ आदिवासी जनजातिहरू मध्ये एक आदिवासी जनजाति हो र यसलाई सुविधाबाट बन्चित समूहमा सूचिकृत गरिएको छ । मेचे समूदायको बाक्लो बसोबास पूर्वि नेपालको झापा, मोरङ, काठमाडौं, विरगञ्ज आदि जिल्ला रहेको पाइन्छ । तथ्याङ्क विभागको तथ्याङ्क (२०५४) अनुसार मेचे जातिको कुल जनसंख्या ७६१४ छ । जसमा ३९६७ महिलाको र ३६४७ पुरुषको जनसंख्या रहेको छ ।

मेचे महिला उत्थान संघ, मेचे महिलाहरूको सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक हक र अधिकारलाई सम्बर्द्धन र प्रर्बधन गर्ने प्रतिबद्धताका साथ स्थापना भएको एक मुनाफारहित स्वतन्त्र, गैर राजनीतिक संस्था हो । यो संस्था २०६२ सालमा स्थापना भई जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता हुनुको साथै समाज कल्याण परिषद्मा पनि आवद्ध भई सकेको छ । साथै यो राष्ट्रिय आदिवासी जनजाति महिला महासंघ, २२ वटा आदिवासी जनजाति महिलाहरूको छाता संगठनको पनि एक सदस्यको रूपमा रहेको छ ।

## संस्थाको संरचना :

मेचे महिला उत्थान संघ (मे.म.उ.सं) को केन्द्रिय समितिको विधान अनुसार प्रत्येक ३/३ वर्षमा एक पटक हुने महाधिवेशनको लोकतान्त्रिक निर्वाचन प्रकृयाबाट १५ सदस्यीय केन्द्रिय कार्यकारिणी समितिको चयन हुने गर्दछ । महाधिवेशनले पारित गरेको नीति, नियम र मार्गनिर्देशन अनुसार संस्थाको कार्यक्रमहरूको निरिक्षण र नियन्त्रण गर्ने जिम्मा पनि उक्त केन्द्रिय समितिमा नै रहने गर्दछ ।

### सांगठनिक ढाँचा




## समग्र विकासको दिर्घकालीन सोच :

मेचे महिलाहरूलाई राष्ट्र विकास प्रकृयामा समाहित गराउँदै जातीय, भाषिक, धार्मिक र लैङ्गिक आधारमा समता र समानता प्राप्त गराउन सक्षम बनाउने ।

## संस्थाको दीर्घकालीन सोंच :

अबको १० वर्षपछि मे.म.उ.सं मानवीय, भौतिक साधन र सुविधाले सम्पन्न भई किरात राईहरूको बसोबास रहेको क्षेत्रको संगठन विस्तार गरी सम्पूर्ण मेचे महिलाहरूको साझा संस्थाको रूपमा स्थापित भएको हुनेछ ।

## संस्थाको औचित्यता :

सम्पूर्ण मेचे महिलाहरूलाई ग्रामिण तहदेखि जिल्ला हुँदै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरसम्म ल्याउन सशक्तीकरण गर्नुका साथै समाजमा विद्यमान लैङ्गिक र जातीय विवेदहरूलाई हटाउन योगदान पुऱ्याउने ।

## उद्देश्यहरू :

१. मेचे महिलाहरूलाई सामाजिक, सांस्कृतिक, आर्थिक, भाषिक र जातीय पहिचानप्रति सचेत गराउने ।
२. मेचे महिलाहरूलाई तालिम, कार्यशाला गोष्ठी, अन्तरकृया, प्रकाशन, अध्ययन तथा अनुसन्धान आदि कार्यक्रमहरूद्वारा सशक्तिकरण गराउने ।
३. मेचे महिलाहरूलाई राज्य संयन्त्रमा मूलप्रवाहित गराउन वकालत तथा पहल गर्ने ।
४. आदिवासी जनजाति तथा महिलाहरूको आवाजलाई बुलन्द पार्न साझा उद्देश्य भएका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ/संस्थाहरूसँग सम्बन्ध विस्तार गर्ने ।
५. मेचे महिलाहरूको लागि दिगो जिवीकोपार्जनका परम्परागत ज्ञान र सीपको विकासका गरि आर्थिकरूपमा सक्षम पार्ने ।
६. मेचे महिलाहरूको हक र अधिकार स्थापित गर्नको लागि विभिन्न क्रियाकलाप गर्ने ।

## कार्यक्रम/कृयाकलापः

मे.म.उ.सं ले स्थापना कालदेखि निम्न कार्यक्रम/कृयाकलापहरू सम्पादन गर्दै आएको छ :

१. भाषा तथा संस्कृति जर्गेना गर्ने खालका कार्यक्रम

- सांस्कृतिक कार्यक्रमको आयोजना,
- अन्तरकृयात्मक कार्यक्रम

२. मेचे महिलाहरूलाई सशक्तीकरण गर्ने कार्यक्रम

- नेतृत्व विकास तथा कार्यालय व्यवस्थापन तालिम (रा.आ.ज.उ.प्र को सहयोगमा)
- मैनबत्ती बनाउने तालिम (लुथरनको सहयोगमा)
- सुधारिएको चुल्हो (रा.आ.ज.उ.प्र. को सहयोगमा)
- संविधानसभा सम्बन्धी अन्तरक्रिया कार्यक्रम (रा.आ.ज.म.मा. को सहयोगमा)

३. आदिवासी जनजाति महिलाहरूको हकहितको लागि राष्ट्रिय आदिवासी जनजाति महिला महासंघका सदस्य संस्थाहरूसँग मिलेर राष्ट्रिय/स्थानीय तहमा बहस, पैरवी तथा पहल

४ मे.म.उ.सं सँग साझा मुद्दाहरू भएका अन्य संघ संस्थाहरूसँग सम्बन्ध विस्तार

५ मे.म.उ.सं संगठन विस्तार र संस्थागत विकास

**कार्यक्रमका मुख्य उपलब्धिहरू :**

१. मेचे महिलाहरू आर्थिक, सामाजिक र राजनैतिकरूपमा सशक्तीकरण भएका हुनेछन् ।

मेचे महिला उत्थान संघको विभिन्न जिल्ला, गाउँ, र इकाई समितिहरूमा संगठनको विस्तार र विकास भएको हुनेछ ।

३. मेचे महिलाहरूले परम्परागत ज्ञान र सीपको विकास गर्न सक्षम भएका हुनेछन् ।

४. मेचे महिलाहरूको भाषा तथा संस्कृति जगेरना भएको हुनेछ ।
५. मेचे महिलाहरूको हक र अधिकार स्थापित भएको हुनेछ ।
६. मेचे महिलाहरूको जातीय पहिचानलाई दस्तावेजिकरण हुनेछ ।

**ठेगाना :**

मेचे महिला उत्थान संघ
केन्द्रिय कार्यालय
भद्रपुर १२, नयाँ बसपार्क, झापा
नेपाल ।

**Email** : mmus_jhapa2062@yahoo.com